# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# भ्यागुते,प्यूठान
# ५ नं. प्रदेश, नेपाल

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते प्यूठान ५ नं. प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ८६४

मिति :- २०७६/११/२२

विषय :- **जानकारी सम्वन्धमा ।**

**श्री झिमरुक गाउँपालिका सबै वडा कार्यालयहरु ।**

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय,प्यूठानको च नं.११९ मिति २०७६/११/१९ गतेको पत्र तथा जिल्ला प्रशासन कार्यालयको च.नं.२९९२ मिति २०७६/११२१ र च.नं.२९९५ मिति २०७६/११/२१ को पत्र समेत यसै पत्रसाथ संलग्न गरी पठाईएको छ । सो पत्रहरुवाट जानकारी लिई सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

हरि प्रसाद पोखेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
प्यूठान

Website: www.daopyuthan.moha.gov.np
E-Mail:- daopyuthan@moha.gov.np
daopyuthan2074@gmail.com

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या : ०७६/०७७
चलानी नं : २९५४

मिति : २०७६/११/२१

विषय : मेला महोत्सव तथा सभा सम्मेलनहरु स्थगित गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै, प्यूठान ।
श्री जिल्लास्थित सरकारी कार्यालयहरु सबै, प्यूठान ।

प्रस्तुत विषयमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/११/१९ को निर्णयानुसार कोरोना भाइरस ( COVID-19) को संक्रमणको सम्भावित जोखिम कम गर्नको लागि प्रदेश भित्र ठूलो जनसमूह सहभागी हुने कुनै पनि मेला, महोत्सव तथा सभा सम्मेलनहरु हाल स्थगित गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्न गराउनु हुन भनी आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं. २३०७ मिति २०७६/११/२१ को पत्र प्राप्त भएको हुँदा सोही अनुसार प्यूठान जिल्लाभित्र मेला, महोत्सव तथा सभा सम्मेलनहरु स्थगित गर्नु हुन अनुरोध छ ।

२०७६/११/२१

दर्ता नं. ८९२
दर्ता मिति २०७६/११/२२

निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय

फोन. ०८६ ४२०१८२
मो. ९८५७८३६१८२
email=ecpyuthan54@gmail.com

प.सं २०७६/०७७
चलानी नं ११९

मिति २०७६/११/१९

श्री सबै न.पा./गा.पा.हरु,
प्यूठान ।

**विषय :मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम सम्वन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७६।११।०७ गतेको निर्णयानुसार यहि २०७६ साल चैत्र ७ गतेबाट यस जिल्लाको स्थानिय तहका वडास्तरमा मतदाता नामावली संकलन (मतदाता नामावलीमा नाम दर्ता गराउनु हुट भएका व्यक्तिहरुको नाम दर्ता गर्ने) तथा मतदाता नामावली अद्यावधिक (मतदाता नामावलीमा भएको त्रूटी सच्याउने, दोहोरो नाम हटाउने, नाम सार्न उजुरी दिने, नाम हटाउने) कार्यक्रम संचालन हुन गइरहेको छ । प्रस्तुत कार्यक्रममा स्थानिय तहका वडाको वडा सचिवलाइ सहायक नाम दर्ता अधिकारी र अन्य सहायक तथा सहयोगी कर्मचारीलाइ समेत जिम्मेवारी दिने व्यवस्था भएको हुँदा मिति २०७६ साल चैत्र ७ गते देखी २०७७ साल जेठ असार मसान्त सम्म (तत् वडा कार्यालयमा आउने टोलीको विवरण पछि पठाइने छ) मतदाता नामावली संकलन गर्ने कार्यमा र मिति २०७६ साल असार १ गते ७ गते सम्म संचालन हुने नामावली अद्यावधिक गर्ने कार्यमा आवश्यक सहयोग र समन्वयका लागी वडा कार्यालयलाई पत्राचार गरी सहयोगको लागी अनुरोध छ ।

<u>वडा कार्यालयका कर्मचारीलाइ जिम्मेवारी</u>

१. वडा सचिव वा सो सरह काम गर्ने सहायक नाम दर्ता अधिकारीलाइ यहि मिति २०७६ चैत्र ३ गते ११ बजे श्री महेन्द्र मा.वि. खलंगामा तालिमको लागी उपस्थित गराउनुहुन ।

२. वडा कार्यालयका सहायक कर्मचारी : सहायक दर्ता कर्मचारीको रुपमा ४ दिनको लागी कार्य गर्न ।

३. वडा कार्यालयका कार्यालय सहयोगी : दर्ता सहयोगी कर्मचारीको रुपमा ४ दिनको लागी कार्य गर्न ।

४. वडा सचिवलाइ यस कार्यालयको कार्यालयको टेलिफोन नं. ०८६४२०१८२ मा सम्पर्क गर्ने व्यवस्था समेत मिलाइ दिनुहुन ।

कृष्ण बहादुर कुँवर
जिल्ला निर्वाचन अधिकारी

जिल्ला निर्वाचन अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२११

पत्र संख्या:- ०७६/०७७
चलानी नं : २९९२

मिति : २०७६/११/२१

विषय:- जानकारी सम्बन्धमा ।

श्री प्यूठान नगरपालिका प्यूठान ।
श्री स्वर्गद्धारी नगरपालिका प्यूठान ।
श्री मल्लरानी गाउँपालिका प्यूठान ।
श्री झिमरुक गाउँपालिका प्यूठान ।
श्री सरुमारानी गाउँपालिका प्यूठान ।
श्री ऐरावती गाउँपालिका प्यूठान ।
श्री नौबहिनी गाउँपालिका प्यूठान ।
श्री गौमुखी गाउँपालिका प्यूठान ।
श्री माण्डवी गाउँपालिका प्यूठान ।

प्रस्तुत विषयमा तहाँ नगरपालिका/गाउँपालिका का वडा कार्यालयहरुबाट नागरिता प्रमाणपत्रको लागि वडा मुचुल्का सहित सिफारिस गर्दा अनुसूची फारमको पछाडिको महलमा सर्जमिन बस्नेको नाम थर ठेगाना, प्रमाणित गर्नेको सहिछाप र कार्यालयको छाप अनिवार्यरुपमा भरी सिफारिस गर्ने व्यवस्था हुन अनुरोध छ । साथै मुचुल्कामा पेटबोली सहितको विवरण उल्लेख गर्नु पर्ने भएमा विगतकै अनुसार सिफारिस गर्नु हुन अनुरोध छ ।

२०७६/११/२१
(कृष्ण प्रसाद पन्थ)
प्रमुख जिल्ला अधिकारी

कृष्ण प्रसाद पन्थ
प्रमुख जिल्ला अधिकारी

श्री प्रशासन शाखा
२०७६/११/२१

दर्ता नं ८९१
दर्ता मिति २०७६/११/२१

..........................गाउँ विकास समिति/उप/महा/नगरपालिका सर्जमिन र सनाखतका लागि प्रेसित

..........................................................गाउँ विकास समिति/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. .........बस्ने ................................................................................................................को छोरा/छोरी/पत्नी वर्ष ..........................का श्री/सुश्री/श्रीमती .........................................................................ले ऐन र नियमले तोकेको प्रमाण पेश गर्न नसकेकोले निजलाई स्थलगत सर्जमिन र सनाखतको प्रकृया अवलम्बन गरी वंशजको नाता/जन्मको आधारमा नागरिकता सम्बन्धी निर्णय हुन प्रेषित गरिएको छ ।

मिति :

दस्तखत :- ..........................................

कार्यालयको छाप :-.............................

नाम, थर :-..........................................

पद :-..........................................

## कार्यालयले भर्ने

| | |
|---|---|
| निवेदक/निवेदिका.............................................मेरो आफ्नो ...................नाताका हुन् । निजलाई वंशजको नाताले/जन्मको आधारले नेपाली नागरिकता प्रमाणपत्र दिएमा पछिसम्म फरक पर्ने छैन । फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला भनी कार्यालयमा उपस्थित भई सनाखत सहिछाप गर्नेको<br>नाम ..........................................<br>ना.प्र.प.नं. : ..........................................<br>सहिछाप :..............................<br>मिति :.............................. | माथिका विवरण बमोजिम मेरो रोहवरमा सनाखत सही छाप भएको ठीक साँचो हो । माथिका विवरण ठीक दुरुस्त छ, फरक छैन । फरक परेमा कानुन बमोजिम सहन बुझाउन मञ्जुर छु भनि सहीछाप गर्ने<br>नाम :..........................................<br>सहिछाप :..............................<br>मिति :.............................. |

**सर्जमिनमा बस्नेको नाम, थर, ठेगाना**

१

२

३

४

५

**सनाखत गर्ने व्यक्तिको नाम, थर ठेगाना**

१

२

३

## निर्णय

यो अनुसूचीमा भएको सिफारिस, निवेदको.......................................................को सनाखत सहिछाप र संलग्न निम्न प्रमाणहरुको आधारमा निवेदकलाई वंशजको नाताले/जन्मको आधारले नेपाली नागरिकताको प्रमाणपत्र दिन उपयुक्त हुने निर्णयार्थ पेश गरेको छु ।

## संग्लन प्रमाणहरु

१